# बेलायत-नेपाल प्रज्ञा परिषदको अध्यक्षमा प्रा. गेल्नर र महासचिवमा डा. अधिकारी


प्रा. डेभिड गेल्नर


डा. कृष्ण अधिकारी


डा. सलेयन् हिटन श्रेष्ठ

बेलायत नेपाल प्रज्ञा परिषद (विएनएसी) को बार्षिक साधारण सभाले आगामी चार बर्षको लागि अक्सोफोर्ड विश्वविद्यालयका प्राध्यापक डा. डेभिड गेल्नरलाई अध्यक्षमा र नेपाल अध्ययन केन्द्र संयुक्त अधिराज्यमा आवद्ध भई सोही विश्वविद्यालयमा कार्यरत डा. कृष्ण अधिकारीलाई महासचिवमा निर्वाचित गरेको छ। कोषाध्यक्षको पदमा डा. सलेयन् हिटन श्रेष्ठ निर्वाचित हुनु भएको छ। संस्थाका तीनै पदाधिकारीहरू निर्विरोध निर्वाचित हुनु भएको थियो। साथै सो सभाले निवर्तमान पदाधिकारीहरू: अध्यक्ष प्रा माइकल हट, महासचिव डा. इयन हापर र कोषाध्यक्ष डा. मारा मालागोडीलाई स्वत् कार्यसमितिको सदस्य हुने गरी निर्णय गरेको छ।

अप्रिल २४ र २५ मा अक्सफोर्ड विश्वविधालयमा संचालित १२ औं नेपाल अध्ययन दिवसको सिलसिलामा परिषद्का अध्यक्ष प्रा. माइकल हटको अध्यक्षतामा समापन भएको सो सभाले अक्सफोर्ड अध्ययन दिवस अत्यन्त उपयोगी र सफल भएको निष्कर्ष निकालेको थियो। सो विश्वविधालयका प्रा. गेल्नर, डा. अधिकारी र डा. सोन्ड्रा हाउस्नरले व्यवस्थापन गरेको सो कार्यक्रममा नेपालसम्बन्धी विभिन्न ७ विधामा बेलायत, युरोपका विभिन्न मुलुक र नेपालबाट आएका महानुभावहरूले छानिएका २० वटा अनुसन्धान पत्र प्रस्तुत गर्नु भएको थियो। ५४ जना नेपाल वा नेपाली सांस्कृतिक संसारसम्बन्धी अनुसन्धानकर्ता र प्राज्ञहरू छलफलमा सहभागी भएका थिए।



प्रा. माइकल हट साधारण सभाको अध्यक्षता गर्दै

साधारण सभाले तेह्रौं नेपाल नेपाल अध्ययन दिवस (२०१५) सोआस, युनिभर्सिटी अभ लण्डनमा युनिभर्सिटी कलेज अभ लण्डनसमेतको विशेष सहयोगमा आयोजना गर्ने तय गरेको छ। उक्त सभामा सभापतिको प्रतिवेदन प्रस्तुत गर्दै प्रा. हटले परिषद्को २०१४ को बार्षिक नेपाल प्रवचन डरम विश्वविधालयका प्रा. तथा सह-उपकुलपति डा. रविन कनिङघमले 'तिलौराकोट-कपिलवस्तु: न्यु आर्कोलोजीकल डिस्कोभरी इन द नेपाल तराइ' विषयमा दिने जानकारी गराउनु भयो। उक्त प्रवचन १९ नोभेम्बेरको साँझ ६ बजे सोआस, लण्डनको द खलिली लेक्चर थेटरमा हुनेछ। त्यसै गरि २०१५ को बार्षिक नेपाल प्रवचन 'राइज् एण्ड फल अभ सिभिल सोसाईटी इन् नेपाल' विषयमा डा. देवेन्द्रराज पाण्डेले दिनु हुने व्यहोरा पनि जानकारी गराइएको थियो। परिषद्को सूचनाअनुसार २०१५ नेपाल लेक्चरको आर्थिक प्रयोजन होली काउ टेकवेका निर्देशक श्री कुल आचार्यले गर्नु हुनेछ।

अन्तमा सभाले नवनियुक्त पदाधिकारीहरूलाई शुभकामना दिनुको साथै सफलतापूर्वक कार्यकाल सम्पन्न गर्नु हुने पदाधिकारी त्रयलाई विशेष धन्यवाद ज्ञापन गरेको छ।

बेलायत-नेपाल प्राज्ञ परिषद नेपालका विविध पक्षहरूमा रुचि राख्ने बेलायतमा रहेका प्राज्ञ तथा शोधकर्ताहरूको स्कुल अफ ओरियन्टल एण्ड अफ्रिकन स्टडिज, लण्डनमा २३ मे २००० मा भएको एक आम भेलाले स्थापना गरेको हो। परिषदको उद्देश्य अनुसन्धानमा सहकारिता, शैक्षिक आदानप्रदान, बेलायती र नेपाली प्राज्ञ तथा शोधकर्ताको आपसी रूचिका विषयमा बार्षिक प्रवचन, सेमिनार आदिको आयोजना जस्ता कृयाकलापद्वारा नेपाल र वेलायतको आपसी प्राज्ञिक र शैक्षिक सम्बन्धको प्रवर्द्धन गर्नु हो। परिषद्को संस्थापक अध्यक्ष प्रा. सुर्य सुवेदी हुनुहुन्छ। उहाँ हाल सँस्थाका एक कार्यकारी समितिका सदस्य हुनुहुन्छ।

कार्यक्रमका थप फोटोहरूको लागि: **क्लिक** गर्नुहोस्
१२ औं नेपाल अध्ययन दिवसको कार्यक्रम र कार्यपत्रहरूको सारांश पुस्तकको लागि: क्लिक गर्नुहोस्
विएनएसीका कार्यसमितिको विवरणको लागि: क्लिक गर्नुहोस्
थप जानकारीको लागि : डा. कृष्ण अधिकारी (krishna.prasad.adhikari@gmail.com)

**प्रस्तुति : कृष्ण अधिकारी, महासचिव विएनएसी**